नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७७/०७८ चलानी नं. : २२५

मितिः- २०७७/०९/२६

**विषय : सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ सम्वन्धमा।**

श्री स्थानीय तहहरु, सवै ।

अर्थ मन्त्रालय मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको प.सं. ३०५-०४, च.नं. ३११ मिति २०७७/०९/१४ को पत्रबाट मिति २०७७/०९/१४ को मा. मन्त्रीस्तरको निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ को दफा १३ अनुसार देहाय बमोजिम गर्न सम्वन्धित तहलाई पत्राचारको लागि लेखी आएकोले सोही बमोजिम गर्नु हुन आदेशानुसार अनुरोध छ ।

"१. मापदण्डको दफा ४ को उपदफा ४ वमोजिम करारमा नियुक्ति गर्दा अन्य कानून/निर्देशिका वा मापदण्डले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरी गर्न सकिने।

२. मापदण्डको दफा ६ को उपदफा ५ वमोजिम अत्यावश्यक विषयमा थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाईपाई आएको भत्ता वा सुविधा थप हुने गरि निर्णय गर्नु परेमा स्थानीय तह अन्तर्गतको सार्वजनिक निकायले सम्वन्धित कार्यपालिकाको निर्णय वमोजिम सहमति लिनुपर्नेछ।

३. मापदण्डको दफा ७ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सवारी साधन खरिद गर्दा समेत स्थानीय तहले माथि सि.नं. २ मा उल्लेख भए बमोजिम सहमति लिने।

४. दफा ९ को उपदफा ३ वमोजिम दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का लगाउँदा स्थानीय तहले माथि सि.नं. २ मा उल्लेख भए बमोजिम सहमती लिनुपर्ने।

५. उपर्युक्त वमोजिमको स्वीकृति वा सहमतिमा सृजना हुने दायित्व सम्वन्धित तहको विनियोजन (सशर्त अनुदान वाहेक) बाट व्यहोर्ने।"

(द्रोणराज निरौला)
शाखा अधिकृत

वोधार्थः
श्री अर्थ मन्त्रालय,
वजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाण्डौं।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा Upload गरिदिनुहुन।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२०००००, ४२००३२३
सन्देश सूचना बोर्डः १६१८०१४२००३०९, इमेलः info@mofaga.gov.np वेबसाइटः http://www.mofaga.gov.np